# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान

५ नं प्रदेश नेपाल ।

प.स.-०७५/७६

च.नं.- ६६८

मितिः-२०७५।१०।२७

विषयः-निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालय (सबै)
सरुमारानी गाउँपालिका।

प्रस्तुत विषयमा सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७५।१०।२५ गते बसेको बैठकको निर्णयको प्रतिलिपि पाना-५ (पाँच) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

बोधार्थः

श्रीमान् अध्यक्ष ज्यू, सरुमारानी गाउँपालिका (सादर अवगतार्थ)

श्रीमान् उपाध्यक्ष ज्यू, सरुमारानी गाउँपालिका (सादर अवगतार्थ)

श्री सूचना तथा संचार प्रविधि शाखा, सरुमारानी गाउँपालिका-उक्त निर्णय सरुमारानी गाउँपालिको वेभसाईटमा अपलोड गर्नुहुन ।

श्री शाखा/ईकाई (सबै), सरुमारानी गाउँपालिका, आवश्यक कार्यर्थ ।

२०७५।१०।२७

अमरबहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १-आर्थिक सहायता सम्वन्धमा।

निर्णय नं. १-देहायका संस्था र व्यक्तिलाई तपसिल वमोजिमको शिर्षकको निम्न वमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

| क.स. | व्यक्ति/संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| १ | गुमीदेवी कुमाल, सरुमारानी २ | रु. ५,०००।- | दिर्घरोग स्वास्थ्य कोष |
| २ | हुतिसरा खत्री, सरुमारानी ५ | रु. ५,०००।- | विपन्न असाहय कोष |
| ३ | सरीता थापा, सरुमारानी १ | रु. ५,०००।- | विपन्न असाहय कोष |
| ४ | नेपाल मगर संध, ५ नं. प्रदेश समिति | रु. ५,०००।- | अन्य संस्थालाई अनुदान सहयोग |
| ५ | लछिराम घर्ति, सरुमारानी ६ | रु. १५,६९०।- | विपद् व्यवस्थापन कोष |
| ६ | टिकादेवि घर्ति, सरुमारानी ६ | रु. १५,६९०।- | विपद् व्यवस्थापन कोष |
| ७ | बल बहादुर घर्ति मगर, सरुमारानी ६ | रु. १५,६९०।- | विपद् व्यवस्थापन कोष |
| ८ | टंक बहादुर घर्ति , सरुमारानी ६ | रु. १५,६९०।- | विपद् व्यवस्थापन कोष |
| ९ | जय बहादुर घर्ति , सरुमारानी ६ | रु. १५,६९०।- | विपद् व्यवस्थापन कोष |

प्रस्ताव नं. २-परीक्षा समिति गठन गर्ने सम्वन्धमा।

निर्णय नं. २-सरुमारानी गाउँपालिका शिक्षा ऐन, २०७५ वमोजिम आधारभूत तहको परीक्षा संचालन, समन्वय, अनुगमन र व्यवस्थापन गर्न देहाय वमोजिम परीक्षा समिति गठन गर्ने निर्णय गरीयो ।

अध्यक्ष- अमर बहादुर वली, प्रमुख प्रशासकीय अधिकृत

सदस्य- योग कुमार पाण्डे, प्र.अ. जनता मा.वि. बडडाँडा

सदस्य- निर्मल शर्मा, प्र.अ. सरस्वती मा.वी. बांगेशाल

सदस्य- गिता पोखेल, प्र.अ. कालिका प्रा.वि. सिरुवारी

सदस्य- हिमालय भुसाल, प्र.अ. ऐरावति ईङलिस बोर्डिङ स्कुल दर्भान

सदस्य- गंगा बहादुर के.सी., शिक्षाविद्

सदस्य सचिव- पूर्ण बहादुर के.सी., श्रोत व्यक्ति

प्रस्ताव नं. ३-अध्ययन कार्यदल गठन गर्ने सम्वन्धमा।

निर्णय नं. ३-गाउँ कार्यपालिकाको मिति २०७५।१०।११ गतेको बैठकमा गाउँ कार्यपालिका प्रवक्ता तथा वडा नं. २ का वडा अध्यक्ष श्री बसन्त बहादुर जि.सी.द्धारा प्रस्तुत गरिएको ध्यानाकर्षण प्रस्ताव सम्वन्धमा उक्त योजनाको संभाव्यता अध्ययन गरी कानूनी, आर्थिक, सामाजिक, राजनीतिक समग्र अवस्था समेतका अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय वमोजिमको समितिलाई १ (एक) महिनाको समयावधी दिने निर्णय गरियो ।

संयोजक- बसन्त बहादुर जि.सी.

सदस्य- चिन्त बहादुर सोमै मगर

सदस्य- भिम बहादुर मर्सांगी

सदस्य- मुकुन्दराज शर्मा

सदस्य- मोहम्मद हलिम हलुवाई

सदस्य-शुसिला के.एम.

सदस्य-यादप प्रसाद खनाल

प्रस्ताव नं. ४-मर्मत सम्भार कोषको रकम विनियोजन सम्वन्धमा।

निर्णय नं. ४-सामुदायिक स्वास्थ्य ईकाई, बडडाँडालाई चाहिने देहायका समानहरु खरिद गर्न मर्मत संभार कोषवाट रु. १२,०००।- (अक्षेरुपी बाह्र हजार ) मर्मत सम्भार कोषवाट विनियोजन गर्ने निर्णय गरियो ।

यम्वु व्याग- एक वटा, हिटर- एक वटा, ब्ल्यांकेट- एक वटा, बाटा-दुई वटा, जग-एक वटा, डोर म्याट-एक वटा

प्रस्ताव नं. ५-सशक्तिकरण कार्यक्रम कार्यान्वयन सम्वन्धमा।

निर्णय नं. ५-यस गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विषयगत शिर्षक लैंगिक समानता तथा सामाजिक समावेशीकरण वमोजिम क्र.स. १९ मा रहेको सशक्तिकरण कार्यक्रम देहाय वमोजिम संचालन गर्ने निर्णय गरियो ।

| सरुमारानी गाउँपालिका,प्यूठान | | | |
|---|---|---|---|
| सशक्तिकरण ( महिला, दलित, जनजाती, अल्पसंख्यक, बालबालिका, अशक्त, अपांग, विपन्न र सिमान्तकृत समुदायको सशक्तिकरण)को लागि कार्यक्रमहरु | | | |
| सि. नं. | कार्यक्रम | कार्यक्रम हुने स्थान | प्रस्तावितबजेट रु हजारमा |
| १ | महिला सम्वन्धी कार्यक्रम | गा.पा. | ५०० |
| २ | बालवालिका र किशोर किशोरी सम्वन्धी कार्यक्रम | गा.पा. | २५० |
| ३ | जनजाति सम्वन्धी कार्यक्रम | गा.पा. | २५० |
| ४ | दलित सम्वन्धी कार्यक्रम | गा.पा. | २०० |
| ५ | मुस्लिम सम्वन्धी कार्यक्रम | गा.पा. | १२५ |
| ६ | अल्पसंख्यक सम्वन्धी कार्यक्रम | गा.पा. | २०० |
| ७ | अपाङगता सम्वन्धी कार्यक्रम | गा.पा. | १२५ |
| ८ | पत्रकारीता, पस्ताव लेखन, लोकसेवा तयारी कक्षा कार्यक्रम | गा.पा. | २०० |
| ९ | जेष्ठ नागरिक सम्वन्धी कार्यक्रम | गा.पा. | १५० |
| | जम्मा | | २००० |

प्रस्ताव नं. ६-किसानसँग गाउँसरकार कार्यक्रम कार्यान्वयन सम्वन्धमा।

निर्णय नं. ६-यस गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत किसानसँग गाउँसरकार कार्यक्रम देहाय वमोजिम संचालन गर्ने निर्णय गरियो ।

| बक्र.स. | कार्यक्रम | संचालन गर्ने निकाय | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सबै वडामा टोल छनौट गर्ने | कार्यपालिका | | |
| २ | प्रयोगशालामा माटो परिक्षण गर्ने | ऐरावति ब.सहकारी संस्था लि. | २०००००।- | पुर्व विनियोजन |
| ३ | कृषि अनुसन्धान विज्ञ हायर गरी वातावरणीय तथा पर्यावरणीय तथा हालको पुर्वाधार र संभावित पुर्वाधारको आधारमा बुँदा नं. १ का उत्पादन ब्लक तथा पकेट क्षेत्र निर्धारण गर्ने | गाउँकार्यपालिका कार्यालय र आर्थिक विकास विषयगत समिति | | |
| ४ | सिचाईसँग सम्वन्धीत अधुरा पुर्वाधारका कार्य | कार्यपालिका | १२०००००।- | |
| ५ | तोकिएको ब्लक र पकेटका कृषक | कृषि शाखा,पशु शाखा र | | |

| | | | | |
|---|---|---|---|---|
| | दर्ता भएका पकेट र ब्लकलाई पनि दर्ता गर्ने । | | | |
| ६ | दर्ता भएका पकेट र ब्लकले उत्पादनको लक्ष्य राखी अनुदानको लागि प्रस्तावना पेश गर्ने र अनुदान उपलब्ध गराउने | कृषि तथा पशुपालन विकास समितिको सहजीकरण, कृषि तथा पशु विकास शाखा र विषयगत समितिको सिफारिशमा कार्यपालिकाले तोक्ने । | ३००००००।- | |
| ७ | दर्ता भएका पकेट ब्लक र अन्य कृषक समुहले कृषि यन्त्र तथा औजारको ५०% पुरक अनुदानको माग पेश गर्ने । | कृषि तथा पशुपालन विकास समितिको सहजीकरण र विषयगत समितिको सिफारिशमा कार्यपालिकाले तोक्ने । | २००००००।- | |
| ८ | सिचाईको लागि आवश्यक पाईप तथा मोटर खरिद गरी वितरण गर्ने | कार्यपालिकाले तोक्ने | ९०००००।- | |
| ९ | संकलन तथा बजारिकरण | कार्यपालिकाबाट कृषि सहकारी संस्था छनौट गर्ने | ५०००००।- | |
| १० | विपन्न परिवार बाखा खोर निर्माण अनुदान (४० परिवार) | कार्यपालिका बाट तोक्ने | ६०००००।- | |
| ११ | उत्पादन लक्ष्य पुरागर्ने कृषक समुहलाई पुरस्कृत गर्ने | कार्यपालिकाले तोक्ने | १०००००।- | |
| १२ | महिला उद्यमी सहकारी एनलाईजर खरिद | | २०००००।- | |

**प्रस्ताव नं. ७-सरसफाई अभियान सम्वन्धी स्टीकर, व्यानर छपाई सम्वन्धमा।**

**निर्णय नं. ७**-यस गाउँपालिकामा सरसफाई अभियान संचालन गर्न आवश्यक स्टीकर, व्यानर छपाई गर्न आवश्यक रकम सामाजिक सांस्कृतिक परिवर्तनमा टेवा पुराउन जनचेतनामूलक कार्यक्रम (एक वडा दुई अभियान) बाट खर्च गर्ने निर्णय गरियो । साथै वडा नं. ४ लाई पूर्ण सरसफाई वडा घोषणा गर्ने क्रममा भएको खर्च रु. २५,०००।- (अक्षेरुपी पच्चीस हजार) सोही शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ८-ऐरावति बडडाँडा जस्पुर दाङ बाटो कालोपत्रे डिपीआर सम्वन्धमा।**

**निर्णय नं. ८**-ऐरावति बडडाँडा जस्पुर दाङ बाटो कालोपत्रे डिपीआर गर्न देहाय वमोजिम रु. १० लाख बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

मालपोत रजिष्ट्रेशनवाट प्रास रकमवाट रु. ३,०३,८८३।-

विपद् व्यवस्थापन सामाग्री खरिद तथा स्वयंमसेवक तालिम र जनचेतनामूलक कार्यक्रमवाट रु. ६,९६,११७।-

**प्रस्ताव नं. ९-खानेपानी योजनाहरुको लागि प्राविधिक सहायता लिने सम्वन्धमा।**

**निर्णय नं. ९**-यस गाउँपालिका अन्तर्गत संचालित हुने प्यालिमाटी लिफ्ट खानेपानी योजना र दानसिङ मान्द्रे खानेपानी योजनाको सर्वे, डिजाईन, इष्टिमेटका साथै गाउँपालिकाका प्राविधिकहरुलाई खानेपानीसँग सम्वन्धीत विषयमा प्राविधिक सहयोग एवं योजनाहरुको सहजीकरणको लागि प्राविधिक सहायता वास ईन्जिनियर ध्रुव थापासँग लिने र त्यसवापत निजलाई एकमुष्ट रु. ६० हजार योजनाहरुको कन्टीजेन्सी रकमवाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १०-घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने सम्वन्धमा।**

**निर्णय नं. १०**-यस गाउँपालिकावाट पारीत घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ वमोजिम एम.सी. निर्माण सेवा, सरुमारानी ४ बडडाँडाले पेश गरेको कागजपत्र अध्ययन गरी घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र समितिले मिति २०७५।१०।२४ गते [illegible]

**प्रस्ताव नं. ११**-उद्यमशिलता कार्यक्रम कार्यान्वयन सम्वन्धमा।

**निर्णय नं. ११**-यस गाउँपालिकाको आ.वे. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विषयगत शिर्षक उद्योग वाणिज्य तथा सीप विकास, क्र.स. २ मा रहेको उद्यमशिलताका कार्यक्रम देहाय वमोजिम संचालन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | कार्यक्रम हुने स्थान | बजेट रु हजारमा |
|---|---|---|---|
| | सिलाई कटाई तालिम ( आधारभूत ) | गा.पा. | ५०० |
| २ | सिलाई कटाई तालिम ( एड्भान्स ) | गा.पा. | ३०० |
| ३ | House Wiring तालिम | गा.पा. | ७५ |
| ४ | Plumbing तालिम | गा.पा. | १०० |
| ५ | Mobile repairing तालिम | गा.पा. | ७५ |
| ६ | Welding तालिम | गा.पा. | ७५ |
| ७ | पंखा तथा मोटर मर्मत तालिम | गा.पा. | १२० |
| ८ | स्टील दराज मर्मत तालिम | गा.पा. | १२० |
| ९ | सिकर्मी तालिम (काठमा कलात्मक वुट्टा कुद्ने ) | गा.पा. | २२५ |
| १० | डकर्मी तालिम (भुकम्प प्रतिरोधी) | गा.पा. | २२५ |
| ११ | आधारभूत कम्प्यूटर तालिम | गा.पा. | २०० |
| १२ | माहुरीपालन तालिम | गा.पा. | ७५ |
| १३ | मसला प्रशोधन सम्वन्धी तालिम | गा.पा. | ६० |
| १४ | हाते होजियारी तालिम | गा.पा. | २०० |
| १५ | अचार वनाउने तालिम | गा.पा. | १५० |
| १६ | जुत्ता वनाउने तालिम | गा.पा. | २०० |
| १७ | भुजिया नम्कीन दालमोट वनाउने तालिम | गा.पा. | १५० |
| १८ | Wall Painting तालिम/ टायल जडान तालिम | गा.पा. | १५० |
| | **जम्मा** | | ३००० |

**प्रस्ताव नं. १२**-कक्षा ५ को पालिकास्तरीय परीक्षा संचालन सम्वन्धमा।

**निर्णय नं. १२**-यस गाउँपालिकामा कक्षा ५ को पालिकास्तरीय परीक्षा संचालन गर्न आवश्यक रु. ७०,०००।- (अक्षेरुपी सत्तरी हजार) गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विषयगत शिर्षक शिक्षा, क्र.स. ३२ मा रहेको सामुदायिक विद्यालय संचालन अनुदान शिर्षकवाट खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३-सामुदायिक विद्यालयहरुको लेखापरीक्षक नियुक्ती अनुमोदन सम्वन्धमा।**

**निर्णय नं. १३**-यस गाउँपालिका अन्तरगत रहेका विभिन्न विद्यालयहरुको आ.व. २०७४/७५ को लेखापरीक्षण गर्न गाउँपालिकाको मिति २०७५।१०।२४ को अधिकृत स्तरीय निर्णय अनुसार भएको लेखा परीक्षकहरुको नियुक्ती अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४-पालिकास्तरीय खेल मैदान योजना कार्यान्वयन सम्वन्धमा।**

**निर्णय नं. १४**-यस गाउँपालिकाकामा आ.व. २०७५/७६ को लागि प्रदेश सरकारवाट प्रास सशर्त कार्यक्रम अन्तरगत खेल मैदान निर्माणको लागि ३६ लाख बजेट विनियोजन भई उक्त खेल मैदान निर्माण गर्न गाउँपालिकाको वडा नं. २ स्थित मैदानलाई तोक्ने गरी निर्णय भएकोमा त्यस क्षेत्रमा ऐलानी जग्गामा पर्ने केही बुट्यानहरु हटाउनु पर्ने भएकोले सो को लागि वन सव डिभिजन, दर्भानलाई अनुरोध गर्ने र सो को बोधार्थ प्रदेश सरकार, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, ५ नं. प्रदेशलाई दिने निर्णय गरियो ।